# ११योजना तथा सूचना व्यवस्थापन

स्वास्थ्य क्षेत्रको समग्र ब्यवस्थापनमा सूचना ब्यवस्थापन एक महत्वपूर्ण पक्ष हो ।स्वास्थ्यमा नीति, योजना तथा कार्यक्रम निर्माण देखि नियमित अनुगमन तथा मूल्यांकनमा आवस्यक पर्ने सूचना तथा तथ्यांकहरु गणना, सर्वेक्षण, सर्भिलेन्स तथा अध्ययन अनुसन्धानका आवधिक स्रोत र स्वास्थ्य सेवा प्रदान गर्दा सृजित तथ्यांकहरु नियमित सूचना प्रणालीहरु वाट प्राप्त हुन्छन।स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने स्वास्थ्य सेवाहरु सर्वशुलभ, छिटोछरितो, गुणस्तरिय वनाउन र विभिन्न रोगहरुको अवस्था प्रवृति र संवेदनशिलता लाई हेरि आवस्यक कृयाकलाप संचालन गर्न ब्यवस्थापक लाई स्वास्थ्य सूचनाहरुको नियमित आवस्यकता पर्दछ ।

जनस्वास्थ्य ऐन २०७५ ले पनि आधारभूत स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा प्रदान गर्ने उल्लेख गरेको छ । सहज तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि तथा तथ्यपरक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्नका लागि तथ्यपरक सूचना आवश्यक हुन्छ।

नेपालको संविधानले प्राथमिक स्वास्थ्य सेवालाई जनताको नैसर्गिक अधिकारको रुपमा स्थापित गरेको छ। जुनसुकै नीतिगत निर्णयको प्रक्रियामा प्रवेश गर्नका लागि त्यस बिषयसँग सम्बन्धित सूचना र सप्रमाणको आवश्यकता हुन्छ जुन बढी प्रभावकारी हुन्छ र परिणाम स्वरुप समुदाय र आम नागरिकको लागि उपयोगीसिद्ध पनि हुन्छ । प्रभावकारी सूचनाको माध्यमबाट तयार भएको योजना मात्र सफल रुपमा कार्यान्वयन हुनेहुनाले सूचनाले प्रभावकारी हिस्सा राख्दछ । स्वास्थ्य सेवाको विश्लेषित तथ्याङ्कबाट स्वास्थ्य सेवाको अवस्थाको जानकारी प्राप्त हुनेगर्दछ र यसैको आधारमा आगामी योजनाहरु तयार गरिन्छन् ।

सेवाका तथ्यांकहरु नै सूचनाको प्रारम्भिक श्रोत हुन् जसले सीमित श्रोत तथा साधनको प्रयोग गर्न सही योजनाका लागि निर्देशित गर्दछ । सेवाग्राहीको आवश्यकतालाई केन्द्रविन्दुमा राखी यस किसिमका सूचनाहरुको प्रमाणका आधारमा सीमित श्रोतको परिचालन गरी अधिकतम उपलब्धी हासिल गर्न महत्वपूर्ण रहन्छ । जुन व्यक्ति योजनाका हरेक तहमा संलग्न हुनेगर्दछ उसलाई पर्याप्त ज्ञान तथा सीपको जरुरत पर्दछ।

नेपालमा स्वास्थ्य नीतिहरुले मुलतः स्वास्थ्य सूचना प्रणालीमा लगानीको आवश्यकता र प्राथमिकतालाई जोड दिएका छन् । स्वास्थ्य क्षेत्रमा धेरै धारका सूचना प्रणालीहरु प्रचलनमा छन् । जस्तै, स्वास्थ्य व्यवस्थापन, पूर्व निगरानी, आपूर्ति व्यवस्थापन, वित्तीय, स्वास्थ्य संरचना, मानव संसाधन, तालिम, औषधि र अन्य सूचना प्रणाली आदि ।गण्डकी प्रदेशका स्वास्थ्य

संस्थाहरुवाट विभिन्न फारम फर्मेटमा तयार गरि रिपोर्टिङ गर्ने व्यवस्थामा सुधार गरि विधुतिय रुपमा रिपोर्टिङ गर्ने कार्यलाई विस्तार गरिँदै लगिएकाले सूचनाको प्रयोग तथा ब्यवस्थापनमा सहजता हुंदैगएको छ ।


## मुख्य उपलब्धिहरु

- HMIS Reporting status मा उल्लेख्य सुधार भई (Complete Reporting) विगत ३ वर्षमा लगातार १०० भएको तर अस्पताल तर्फको reporting भने अझै ९१ %मात्र भएको ।
- Timely Reporting मा समेत विगत २ वर्षमा ८६% वाट सुधारभई ९१% मा आएको, तर अझैपनि अस्पताल तर्फको timely reporting rate मा उल्लेख्य सुधार हुन नसकेको अवस्था छ ।
- ८५ वटै स्थानीय तहहरु र केही स्वास्थ्य संस्थाहरुवाट विद्युतीय आपुर्ती व्यबस्थापन सूचना प्रणाली (eLMIS) कार्यक्रम शुरु भएको ।
- प्रदेशबाट नै स्वास्थ्य व्यबस्थापन सूचना प्रणालीको प्रयोगकर्ताको व्यबस्थापन (User Management) लगायतका कार्यहरु हुदैं आएको ।
- जिल्ला स्तरमा विधुतिय आयुर्वेद स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली(AHMIS) को शुरुवात भएको ।

## DHIS-2 मा मासिक प्रतिवेदन दर

आ.व. २०७९/८० मा गण्डकी प्रदेशमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीमा मासिक प्रतिवेदन (HMIS 9.3) DHIS-2 मा प्रविष्ठ गर्ने दर शत प्रतिशत (१००%) पुगेको छ ।


चित्र १ DHIS-2 मा मासिक प्रतिवेदन दर % मा





## DHIS-2 मा मासिक प्रतिवेदन समय पेश गर्ने दर

समयमै उक्त प्रतिवेदन प्रविष्ठ गर्ने दर गण्डकी प्रदेशमा सुधार भई ९१% प्रतिशत पुगेको छ, जुन आ.व. मा २०७७/७८ मा ८६ प्रतिशत वाट सुधार भई दुवै आ.व. २०७८/७९ र

२०७९/८० मा ९१% प्रतिशत पुगेको छ । जिल्लागत रुपमा समयमै प्रतिवेदन प्रविष्ट गर्ने दर सबै भन्दा बढी गोरखामा जिल्लामा ९७ प्रतिशत रहेको छ भने सबै भन्दा कम कास्की जिल्लामा ७९ प्रतिशत रहेको छ ।




अस्पतालहरुको समयमै DHIS-2 मा मासिक प्रतिवेदन (HMIS-9.4 and HMIS 9.5) प्रविष्ट गर्ने दरमा २० प्रतिशतले घटी भई ६४ प्रतिशत पुगेको छ ।



## चुनौती र समाधानका उपायहरु

**तालिका नं. १ चुनौती र समाधानका उपायहरु**

| चुनौतीहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| योजनामा तथ्याङ्कको प्रयोग | प्रमाणमा आधारित योजना बनाई कार्यान्वयन गर्नुपर्ने | मन्त्रालय, निर्देशनालय, स्थानिय तहहरु |

## समस्याहरु र समाधानका उपायहरु

**तालिका नं. २ समस्याहरु र समाधानका उपायहरु**

| समस्याहरु | समाधानका उपायहरु | जिम्मेवारी |
|---|---|---|
| अस्पताल तर्फको प्रतिवेन दर शत प्रतिशत हुन नसकेको | अस्पतालमा नियमित मासिक मिटिङ गरी अनिवार्य रिपोर्टिङ गर्ने व्यवस्था गर्नुपर्ने । | सम्बन्धित अस्पताल |
| | अस्पतालहरुमा लागू भएको विद्बुतिय मेडिकल प्रतिवेदन) **EMR** पूर्ण तथा नियमित गर्नुपर्ने । | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,स्वास्थ्य निर्देशनालय |
| | अस्पतालबाट प्रदान गरीने सवै उपचारात्मक सेवाहरु **HMIS** मा समेटिनुपर्ने । | स्वास्थ्य सेव विभाग |
| आयुर्वेद संस्थाले प्रदान गर्ने सेवाहरुको विधुतिय आयुर्वेद स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली **AHMIS** अपडेट नभएको | आयुर्वेद विभागको समन्वयमा **AHMIS** को पूर्ण विकास तथा कार्यान्वयनमा निरन्तरता गर्नुपर्ने । | आयुर्वेद विभाग<br>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय |
| वार्षिक कार्ययोजना, आर्थिक प्रगति प्रतिवेदन जस्ता प्रतिवेदन निर्माणमा समस्या | प्राबिधिक दक्षता अभिवृदि सम्बन्धी कार्यशाला गोष्ठी गर्नुपर्ने | मन्त्रालय,<br>निर्देशनालय |
| दिगो विकासका लक्ष्य, पञ्चवर्षिय योजनाका लक्ष्य आदिका सूचकहरु संग तालमेल हुने गरी कार्यक्रम नबन्नु | दिगो विकासका लक्ष्य, पञ्चवर्षिय योजनाका लक्ष्यका सूचकहरु पहिचान गरी यी लक्ष्यहरु पुरा हुन सहयोग हुने गरी कार्यक्रम बनाउनुपर्ने | स्वास्थ्य तथा जनसख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, स्थानिय तह |
| आयुर्वेद सेवाको लक्षित जनसख्या नतोकिनु | आयुर्वेद विभागबाट सूचकहरुको अवस्था एकिन गर्न लक्षित जनसख्या तोकिनुपर्ने | आयुर्वेद विभाग |
| विधुतिय सूचना प्रणालीहरु एकिकृत र सवै संस्थाहरुमा लागु नभएको | विधुतिय सूचना प्रणालीहरु विचमा Application programming interface (API) मा आवद्ध गराउंदै सवै स्वास्थ्य संस्थहरुमा विधुतिय प्रणालीको विस्तार गर्ने । | संवद्द संघिय मन्त्रालय ,विभागहरु, प्रादेशिक मन्त्रालय, निर्देशनालय र स्थानिय तह |